Received Date: April 2024 Revised: May 2024 Accepted: June 2024

# नेपाली कथामा तेस्रो लिङ्गी शरीरमाथिको राजनीति

**डा. रजनी काफ्ले ढकाल**

सहप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिवि

rajanidhakal@yahoo.com / rajni.dhakal@cdn.tu.edu.np

*Doi : https://doi.org/10.3126/pragya.v13i1.71191*

## सार

*प्रस्तुत अध्ययन समकालीन नेपाली कथामा तेस्रो लिङ्गी शरीरमाथि गरिने राजनीतिको अध्ययनमा केन्द्रित छ । शक्तिका आधारमा कुनै पनि शरीरमाथि गरिने दमन र वर्चस्वशाली व्यक्तिले कमजोर शरीरमाथि गरेको दोहनलाई शरीर राजनीति भनिन्छ । पछिल्लो समयमा तेस्रो लिङ्गीका संवेदना र भोगाइलाई विषय बनाएर कथा लेख्ने क्रम बढेको छ । अन्य शरीरभन्दा पृथक् देखिने र प्रायःजसो समाजमा अस्वीकृत जस्तो मानिने शरीरमाथि अझ बढी उपेक्षा, दमन र शोषण भएको स्थिति छ । समकालीन नेपाली साहित्यमा कथाका चरित्रका रूपमा प्रस्तुत गरिएका तेस्रो लिङ्गीका विषयले समाजको अवस्थालाई चिनाएको छ भन्ने केही तथ्य पूर्वअध्ययनमा भए पनि तिनको सूक्ष्म अध्ययन नभएको अवस्थामा यस अध्ययनले तेस्रो लिङ्गी चरित्रको फरक र सूक्ष्म अध्ययन गरेको छ । फरक शरीरमाथि गरिने अस्वीकृति र दमनको व्यवहारलाई राजनीतिका रूपमा हेर्दै यहाँ नेपाली कथाको अध्ययनका लागि पाँच वटा कथाबाट प्राथमिक सामग्री लिई शरीर राजनीतिको अध्ययन गरिएको छ । यसका लागि शरीर राजनीतिको सैद्धान्तिक आधारमा तेस्रो लिङ्गीको शारीरिक स्वरूप र शक्तिले गर्ने दमनकारी व्यवहारका पक्षबाट विश्लेषणात्मक अध्ययन गरिएको छ । यस अध्ययनमा तेस्रो लिङ्गी शरीरमाथि समाजमा गरिने विभेदकारी, दमनात्मक व्यवहार र तिनको प्रतिरोधको अवस्थालाई खोजिएको छ । सोद्देश्य छनोटमा परेका पाँचवटा कथाबाट प्राथमिक सामग्री सङ्कलन गरी शरीर राजनीतिको सैद्धान्तिक आधारबाट ती सामग्रीको विश्लेषण गरिएको छ । कथाहरूको अध्ययनबाट समाजमा तेस्रो लिङ्गी शरीरका अनेक अवस्था रहेका र ती शरीरलाई विभिन्न रूपमा दमनपूर्ण व्यवहार गरिने स्थिति रहेको र तिनका लागि लेखकले प्रतिरोधपूर्ण आवाज उठाएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** जैविक लिङ्ग, ट्रान्सजेन्डर, वर्चस्व, शक्ति सम्बन्ध, समलिङ्गी

## विषयपरिचय

आज नेपाली समाजमा तेस्रो लिङ्गी शरीरलाई पनि कानुनी रूपमा स्वीकार गरिएको अवस्था छ । परम्परादेखि महिला र पुरुष शरीरमाथि निश्चित दृष्टिकोण बनाएको समाजमा तेस्रो लिङ्गी शरीरका फरक स्वरूप र व्यवहारलाई सहज रूपमा लिएको देखिन्न । नेपाली समाजमा कानुनी व्यवस्था भए पनि र केही चेतना निर्माण हुन थाले पनि समाजको सोच र दृष्टिकोण पूर्ण रूपमा बदलिएको छैन । तेस्रो लिङ्गी शरीरका कतिपय अधिकारका विषयमा नेपालमा बहस नै हुन नसकेको अवस्था पनि छ । यसको मुख्य कारण समाजमा रहेको दमनकारी सोच र प्रतिरोधी चेतनाको कमी नै हो । महिलाप्रति नै यौनिक रुचि हुने महिला समलिङ्गी होऊन् वा पुरुष पुरुषका बिचमा यौनिक सम्बन्ध राख्ने पुरुष समलिङ्गी होऊन् तिनका परिचय र व्यवहारलाई समाजले सजिलै स्वीकृति दिएको छैन । लिङ्ग नछुट्टिएका व्यक्तिलाई 'हिजडा' वा 'छक्का' जस्ता शब्दले हियाउने परम्परा छ । अन्तरलिङ्गी व्यक्तिहरू आफ्ना रुचिलाई भन्न सक्ने अवस्थामा छैनन् । यसरी तेस्रो लिङ्गी शरीरलाई सजिलै

स्वीकार नगर्नु नै त्यो शरीरमाथि भएको विभेद हो । तेस्रो लिङ्गी शरीरलाई होच्याउने, हियाउने, अस्वीकार गर्ने चलन समाजमा छ ।

परम्परादेखि स्वीकृतिमा रहेका महिला र पुरुष या भनौँ विपरीत लिङ्गी यौन सम्बन्धमा रहने र त्यसलाई मात्र आदर्शका रूपमा विश्वास गर्ने समाजमा तेस्रो लिङ्गीका विषयमा गलत धारणा बनाइएको छ । 'पूर्वजन्मको पाप' वा 'पागलपन' आदि जस्ता गलत धारणाले आम मानिसले तेस्रो लिङ्गीलाई सजिलै स्वीकार गर्दैनन् । यही परम्परित सोचकै कारण महिलाको लिङ्ग वा रूप भएर पनि पुरुषको स्वभाव हुने मानिस पनि उत्तिकै प्राकृतिको रुचिको हो भन्ने स्वीकार गर्न समाजलाई गाह्रो छ । त्यसैगरी पुरुषको लिङ्ग र शरीर लिएर महिलाको गुणअनुसार व्यवहार गर्ने व्यक्तिलाई पनि समाजले सजिलै परिचय दिन नसकेको अवस्था छ । प्राकृतिक रूपमा एउटा लिङ्ग भएकाहरू रुचिले फरक लिङ्गमा आफूलाई परिवर्तन गर्ने ट्रान्सजेन्डरको पनि समाजले विरोध गरेको हुन्छ । समाजमा शक्तिशालीले कमजोर शरीरमाथि गर्ने दमन तेस्रो लिङ्गी शरीरमाथि पनि छ र त्यसको चित्रण नेपाली कथाबाट भएका छन् । यस अध्ययनमा पाँचवटा नेपाली कथालाई आधार बनाएर तेस्रो लैङ्गिक चरित्रको शरीरमाथि भएको राजनीतिको अध्ययन गर्ने उद्देश्य लिइएको छ । पूर्व अध्ययनमा नेपाली कथाका तेस्रो लिङ्गीको शरीर राजनीतिमा अध्ययन नभएको अवस्थामा यो अध्ययन महत्त्वपूर्ण रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा साठीको दशकपछिका पाँचवटा नेपाली कथाका आधारमा तेस्रो लिङ्गी शरीरमाथि गरिने शोषण र दमनको अवस्था साथै तिनका विरुद्ध निर्माण भएको प्रतिरोधी चेतनाको अध्ययन गरिएको छ । यसका लागि भागीरथी श्रेष्ठको 'खेल', निरूपा प्रसूनको 'आधाआधी', उषा शेरचनको 'तेस्रो रङ्ग', अर्चना थापाको 'विमर्द' र माया ठकुरीको 'पहिचान' कथालाई प्राथमिक सामग्रीका रूपमा लिई तिनबाट प्राप्त तथ्यलाई वस्तुपरक अध्ययन गरिएको छ । सामग्रीको विश्लेषण गर्न शरीर राजनीतिलाई सैद्धान्तिक आधार बनाई महिला समलिङ्गी, पुरुष समलिङ्गी र ट्रान्सजेन्डर शरीरमाथि गरिने दमन र त्यसको प्रतिरोधको पक्षबाट कथाको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार र विश्लेषणको ढाँचा

साहित्यमा यौनिकता यौनिक निर्मिति मात्रै नभएर विचारधारात्मक विषय पनि हो । मानिसले महिला समलिङ्गी वा पुरुष समलिङ्गीका बारेमा भिन्न ढङ्गले सोचिरहेका हुन्छन् भने त्यसले महिला र पुरुषको भिन्न यौनिक व्यवहारलाई पनि प्रस्तुत गरिरहेको हुन्छ । विपरीत लिङ्गीहरूको यौन व्यवहार पनि विचारधारात्मक रूपमा फरक हुन सक्छ । यसरी हेर्दा यौन प्राकृतिक भए पनि यौनसँग सम्बद्ध विषय सामाजिक सांस्कृतिक हुन्छ र यसले समाजको विचारधाराका रूपमा कार्य गरिरहेको हुन्छ । यौनिक व्यवहार विशिष्ट मात्रै नभएर मानिसका अनुभवमा समेत आधारित हुन्छ किनभने बहुयौनिकता (हेट्रोसेक्सुअल)को विषय समलिङ्गी विषयभन्दा फरक पनि हुन सक्छ (पग, सन् २००८, पृ.२) । यौनिकतामा मानिसहरूका यौनसम्बन्धी प्रश्नहरूलाई सम्बोधन गरिएको हुन्छ । जोन र नायरका अनुसार यौनिकता जीववैज्ञानिक वंशाणुगत सम्बन्ध मात्र होइन, यो यौनिक सम्बन्धको सम्बोधन, त्यसको कानुनी आधार र संस्थागत अभ्यासका साथै विमर्श र रूपको प्रतिनिधित्वका आधारमा यौनिक विषयको उत्पादन, ढाँचा, वितरण र नियन्त्रण पनि हो (सन् १९९८, पृ. १-२) । यस आधारमा यौनिकता र शरीरको सम्बन्ध निकट रहेको छ । मानिसका सम्पूर्ण यौनिक व्यवहारहरू शरीरको सन्तुष्टि र आनन्दसँग

जोडिएका हुन्छन् भने यौनिक व्यवहारका आधारमा मानिसले उनीहरूको शरीरलाई पनि सम्बोधन गर्ने गरेको पाइन्छ ।

शरीर र यौनिकताको विषयमा मिसेल फुकोले मुख्य रूपमा चर्चा गरेका छन् । पश्चिमी समाजमा यौनिकता सत्ताको अभ्यास र विषयीगत उत्पादनको केन्द्रबिन्दु हो भन्ने मान्यता फुकोको छ (बार्कर र एमा सन् २०१६, पृ. ३६०) । फुकोका दृष्टिमा शरीरको विषयीगत सन्दर्भ यौनिकता, यौनको उत्पादन र शरीरको नियन्त्रणसँग छ । उनले यसलाई यौनको विमर्शात्मक सत्यका रूपमा औँल्याएका छन् । बार्कर र एमा (सन् २०१६, पृ. ३६०) ले फुकोको यौनिकता औषधविज्ञान, चर्च, मनोविश्लेषण, शैक्षिक कार्यक्रम, जनसङ्ख्यासम्म विस्तारित भएको कुरा बताएका छन् । उदाहरणका लागि औषधविज्ञानले यौनिकतालाई वर्गीकरण र नियमित गर्दै यौन विषय र यौनिकताको निर्मितिको व्याख्या गरेको छ । महिला र पुरुषका शरीर र तिनको यौनिकताको विमर्श आधुनिक विज्ञानको आगमनपछि झन् बढी शक्तिशाली रहेको मान्यता यौनिकताका सन्दर्भबाट पुष्टि भएको पाइन्छ । यसरी हेर्दा यौनिकता र शरीर मनोविश्लेषण, औषधविज्ञान, विचारधारा र शरीरका विविध कामहरूसँग सम्बन्धित रहेको छ भने यौनिकताले पनि शरीर राजनीतिको विमर्शलाई मुख्य विषयका रूपमा लिएको छ । व्यक्तिको मौलिक अधिकारभित्र पर्ने वैयक्तिक स्वतन्त्रताको विषयलाई समाजमा अझै पनि सामान्य रूपमा लिन गाह्रो मानिएको छ । अझ फरक यौनिक रुचि भएकालाई सामान्य व्यक्तिका रूपमा स्वीकार गर्न गाह्रो मानिएको देखिन्छ । राजनीतिक नेताहरूले नै आफ्ना अभिव्यक्तिमा विपक्षी नेतालाई अपमानित गर्ने उद्देश्यले 'तेस्रो लिङ्गी' शब्द प्रयोग गरेको पाइन्छ । यस्तो अभिव्यक्तिले फरकको परिचयप्रति विभेद मात्र देखाउँदैन फरक पुंसत्व भएका पुरुषप्रति पनि लाञ्छना लगाएको मान्नुपर्छ (उप्रेती, सन् २०१८, पृ. ९५) । समाजको परम्परागत सोचले गर्दा मानिसमा एकातिर अज्ञानता छ भने अर्कोतिर त्यो स्वीकृतिका लागि चेतनाको कमी पनि छ । हुन त पुरुष र महिलाभन्दा फरक लिङ्ग भएका मानिस हुन्छन् भन्ने मान्यता महाभारतकालदेखि नै थाहा भएको कुरा हो । त्यहाँ वर्णित शिखण्डी पात्रले मानिसको तेस्रो लिङ्गी रूपलाई चिनाएको छ । अझ अर्जुनले बृहन्नला चरित्रका रूपमा निर्वाह गरेको स्त्रीरूपबाट पनि पुरुषमा नारी गुण अवस्थित हुन्छन् भन्ने स्वीकृति महाभारतका रचनाकारले दिएकै हुन् । शिवको अर्धनारीश्वर रूपले त पुरुष र प्रकृतिका गुण एउटै शरीरमा रहने तथ्य उजागर गरेको छ । यसबाट नर र नारी एउटै व्यक्तित्वका दुई पाटा हुन् भन्ने कुरा बुझ्न सकिन्छ । समाजमा एउटै शरीरमा नारी र पुरुष गुण भएका व्यक्तिको उपस्थिति छ भन्ने कुरा नेपाली समाजका लोकसंस्कृतिबाट पनि छर्लङ्ग हुन्छ । यस्ता पात्रको प्रस्तुति सहज रूपमा नेपाली लोकनृत्य र लोकनाटकमा भेटिन्छ । पुरुषले महिला परिधानमा नृत्य र नाटक गर्ने परम्परा नेपाली समाजका विभिन्न संस्कृतिसँग जोडिएका छन् । महिलाका परिधानमा पुरुषले महिलाको रूप र गुण देखाउनु वा पुरुषका परिधानमा महिलाले पुरुषको स्वभाव प्रदर्शन गर्ने सामाजिक परम्परा यसका प्रमाण हुन् । एउटा व्यक्तिमा शुद्ध पुरुष गुण वा शुद्ध नारी गुण मात्र नभएर दुवै गुण विद्यमान हुन्छन् भन्ने कुरालाई यस्ता पात्रहरूले देखाएका छन् । लोकसंस्कारमा त्यस्ता चरित्र हुनु भनेको नै त्यस्ता शरीरको स्वीकृति पनि हो । मारुनी नाच (पहाडी परिवेश), धुम्रा नाच (तराई परिवेश) मा पुरुषले महिलाका परिधान लगाएर नाचेका हुन्छन् । पहाडी समाजमा प्रचलित रत्यौलीमा महिलाले पुरुषको वस्त्र पहिरिएर पुरुषको यौनिक व्यवहार प्रदर्शन गरेको पाइन्छ । यस्ता तथ्यहरूबाट समाजमा पहिलेदेखि नै तेस्रो लिङ्गीको अस्तित्व रहेको देखिन्छ ।

समाजमा पुरुषजस्तो ज्यान भएका तर महिलाको शृङ्गार र पहिरनमा मनोरञ्जन गर्ने पात्रहरू पनि छन् । समाजमा त्यस्ता चरित्रलाई मनोरञ्जनको लागि प्रयोग गरिएको पनि पाइन्छ । अझ कतिपय शुभकार्यमा त्यस्ता चरित्रबाट

आशीर्वाद लिने मान्यता पनि छ तर त्यस्ता चरित्रको यौनिक रुचि र व्यवहारलाई चाहिँ समाजले स्वीकार गरेको चाहिँ छैन । मनोरञ्जनका लागि प्रयोग गर्ने तर त्यस्ता शरीरको रुचिलाई अस्वीकार गर्ने दोहोरो मापदण्ड समाजमा पाइन्छ । यस्तो हुनुमा पितृसत्तात्मक सोचको प्रबलता हो । पुरुष र नारी शरीरलाई मात्र स्वीकार गर्ने र द्विलिङ्गी सम्बन्धलाई मात्र स्वीकृति दिने परम्पराले फरक गुण भएका शरीरलाई विभेद गरेको छ । त्यस्ता चरित्रलाई समाजले एउटा मनोरञ्जनका पात्रका रूपमा मात्र उभ्याउनु सर्वथा गलत हो । "सबै सामाजिक मान्यताहरू विपरीतलिङ्गी विचारधाराले प्रभावित हुने हुनाले समलैङ्गिक चाहना लिएर जन्मेका थुप्रै व्यक्तिहरू कष्टकर र अपमानजनक जीवन बाँच्न बाध्य हुन्छन्" (उप्रेती, २०६९, पृ. २४६) । कला र प्रतिभाका कारण कतिपय यस्ता पात्रहरू समाजको मनोरञ्जनका साधन बनेका छन् तर तिनले समाजमा अन्य व्यक्ति सरह उचित सम्मान पाएका हुन्नन् । तेस्रो लिङ्गीहरू विपरीतलिङ्गी महिला पुरुष सरहका व्यक्ति हुन् । तिनलाई पहिचानको आवश्यकता छ । समाजले उनीहरूलाई सजिलै स्वीकार गर्न गाह्रो मान्ला तर तिनको रुचि र गुण जैविक र प्राकृतिक हुन् भन्ने कुरालाई स्वीकार गर्न आवश्यक छ । सामाजिक स्वीकृतिको साँघुरो दृष्टिकोणसँग जुध्न बाध्य भएका तेस्रो लिङ्गीका आवाजलाई आजको चेतनशील समाजले बोल्ने गरेको छ । नेपाली कथामा तेस्रो लिङ्गीको लैङ्गिक निर्मितिको पाटो र समाजमा बिस्तारै विकास हुन लागेको चेतनाका रूप हेर्न सकिन्छ । तेस्रो लिङ्गी व्यक्तिलाई समाजले गर्ने व्यवहार, तिनीहरूप्रतिका दृष्टिकोण तथा विभेदका अनेक पक्ष नै तिनको लैङ्गिक निर्मिति हो । समाजले ती व्यक्तिप्रति गर्ने व्यवहार र अपेक्षाबाट नै लैङ्गिक निर्मिति स्पष्ट हुन्छ ।

नेपाली कथामा महिला समलिङ्गी, पुरुष समलिङ्गी, अन्तरलिङ्गी, ट्रान्सजेन्डर जस्ता तेस्रो लिङ्गी शरीरका लैङ्गिक निर्मिति कस्ता छन् र तिनले समाजमा कस्तो अवस्थामा बाँच्नु परेको छ भन्ने विषयमा चिन्तन भएका छन् । समकालीन कथामा तेस्रो लिङ्गी शरीरका विविध अवस्थाका विषयमा अध्ययन गरी त्यस्ता शरीरको अवस्था र तिनको प्रतिरोधी चेतनामा आख्यानीकरण भएको छ । यस विषयमा नेपालको संविधानको व्यवस्था र अन्य मुलुकमा भएका तेस्रो लिङ्गीका अधिकारका विषयमा भएका विमर्शमा केन्द्रित भएर अर्चना थापाले लेखेकी छन् :

> नेपालको संविधान २०७२ मा लैङ्गिक र यौनिक अल्पसङ्ख्यकले आफ्नो पहिचान सहितको नागरिकता पाउने प्रावधान उल्लेख छ । धारा १८ अनुसार कसैलाई धर्म, वर्ण, लिङ्ग, जाति, अपाङ्गता, भाषा तथा यौनिक अल्पसङ्ख्यक पहिचानका आधारमा भेदभाव नगरिने उल्लेख छ । यति मात्र होइन यौनिक अल्पसङ्ख्यक समुदाय र अन्य सीमान्तीकृत समुदायको संरक्षण, सशक्तीकरण र चौतर्फी विकासका लागि पनि विशेष व्यवस्था छ । धारा ४२ को समावेशी सिद्धान्तको आधारमा राज्यका सम्पूर्ण निकायमा उनीहरूको सहभागिताको हक पनि सुनिश्चित गरिएको छ । अरू देशमा ट्रान्सलाई मिलट्रीमा जागिरको अधिकार, समलैङ्गिक विवाहको अधिकार, गर्भपतनको अधिकार, दत्तक शिशु अपनाउने अधिकार, समान तलबको अधिकार, परिचयपत्र परिवर्तनको अधिकारका विषयमा छलफल चर्किएका छन् । नेपालमा फरक परिचयपत्र पाउने अनुमति पाए पनि उनीहरू अन्य मानव अधिकारबाट वञ्चित छन् ।
>
> नेपालमा जेन्डर बहुलताबारे पर्याप्त लेखिएको छैन । कानुनी संरक्षण प्राप्त भए पनि अझै फरक जेन्डरका व्यक्तिहरूले आफ्नो ट्रान्सपरिचय, जेन्डर र 'सेक्सुअलिटी'बारे खुल्न असहज मान्छन् । उनीहरूलाई समाजबाट अस्वीकृत हुने र हिंसा हुने डर हुन्छ । (पृ. प-फ)

नेपाली कथामा तेस्रो लिङ्गीप्रति सचेत लेखन गर्ने प्रचलन साठीको दशकपछि मात्र देखिएको छ । पहिले पनि यस्ता चरित्रलाई पात्र बनाए पनि उति सचेत दृष्टिकोण राखेको देखिँदैन । पछिल्लो समयमा संविधानले नै

सम्बोधन गरेपछि पनि यसप्रतिको सचेतता बढेको छ र तेस्रो लिङ्गीहरू आफ्नो यौनिक रुचिका विषयमा खुलेर बाहिर भन्न सक्ने भएका पनि छन् ।

## महिला समलिङ्गी शरीर

भागीरथी श्रेष्ठको 'खेल' महिला समलिङ्गीका विषयमा केन्द्रित समलिङ्गी शरीरको रुचि र क्रियाकलापमा लेखिएको कथा हो । यस कथामा महिला होस्टेलमा स्नातक तहको अध्ययन गर्दै गरेकी युवती भवानीले आफ्ना स्त्रीसाथीहरूसँग राखेको समलिङ्गी सम्बन्ध र उसको शारीरिक रुचिको वर्णन छ । भवानी महिला भए पनि उसमा पुरुषोचित गुण छन् । कथामा उसको शरीरको वर्णन यसरी गरिएको छ, "भवानीको व्यक्तित्व पुरुषोचित गुणले लबालब थियो । उसको जीउडाल मांशपेशी, हातखुट्टा कडा र हृष्टपुष्ट थिए । यद्यपि उसको पातलो ओँठ, गोरो रातो वर्णको हिस्सी परेको अनुहार भए पनि आवाजमा बिम्ब झल्किन्थ्यो । एउटा आकर्षक र प्रभावशाली व्यक्तित्व देखिए पनि ऊ मिलनसार, हँसमुख र सहयोगी थिई" (पृ. ३८) ।

भवानी महिला भए पनि उसको आवाज र गठिलो शरीरले परुषोचित गुणले भरिएको शरीरमा हुनाले र उसको यौनिक रुचि महिलासँग नै सम्बन्ध राख्न रुचाउने रहेको छ । कथामा म पात्र जयाले आफूप्रति सधैँ आकर्षित हुने भवानीसँगका यौनिक क्रियाकलाप सम्झेकी छ, "ढोकाको कलबेल बज्नासाथ दगुरेर ढोका खोल्न जाँदा भवानी उही फूर्ति र सानसँग भित्र प्रवेश गरी र मलाई अँगालोमा आबद्ध गरेर गालामा च्वाक्क म्वाइ खाई । लाग्थ्यो कति बेलादेखिको मेरो तिर्खा मेटिँदैछ । उसको अँगालाको मुहानबाट म चिसो पानी पिउँदै छु" (पृ. ३८) । जया र भवानी भावनात्मक र शारीरिक रूपमा नजिक छन् । महिला र पुरुषको जस्तो आत्मीयता भएका यी दुई महिलामा समलिङ्गी सम्बन्धमा चरम सन्तुष्टि पनि देखिएको छ । दुबैले एकअर्काको शरीरको चाहना पूर्ण गरेका छन् ।

त्यतिमात्रै होइन भवानीले आफ्नो रुचिलाई जोगाउन होस्टेलका अन्य महिलाहरूसँग पनि समलिङ्गी सम्बन्ध कायम गरेकी छ । एउटै महिलासँग मात्र सम्बन्ध राख्दा अप्ठेरो आउन सक्ने हुनाले पनि ऊ होस्टेलको वार्डेन सरला दिदी, खाना पकाउने बजै, भाँडा माझ्ने सेती, अञ्जना आदि महिलाहरूसँग शारीरिक सम्बन्ध राख्दै रोमाञ्चक भूमिकामा देखिएकी छ । महिला होस्टेलमा सबै महिलाको उपस्थितिले भवानीलाई त्यस्तो सम्बन्ध राख्न र सबैलाई नजिक बनाउन सहज भएको छ। अझ म पात्र जया चाहिँ भावनीसँग सबैभन्दा नजिक देखिएकी छ। भावनीले अन्य महिलाहरूसँग शारीरिक सम्बन्ध राख्दा जयालाई सहिनसक्नु भएको छ। आफूलाई मनपरेकी महिला समलिङ्गीले अरू महिलासँग सम्बन्ध राख्दा मन दुखाएकी जयाले पछि पुरुषसँगै बिहे गर्न बाध्य भएकी भवानीको अवस्थालाई पनि देखेकी छ ।

कथाको म पात्र जयाको स्मृतिमा संरचित यस कथामा होस्टलमा सबै महिलासँग समलिङ्गी सम्बन्ध राख्न पुगेकी भवानीको यौनिकता र समलिङ्गी रुचिलाई उसमा रहेको पुरुषोचित गुणका कारण महिलाहरूका बिचमा सहज रूपमा विकसित भएको देखाइएको छ । तर भवानीलाई जीवनभर साथ दिने समलिङ्गी साथीको अभाव हुने सम्भावना हो वा अन्य सामाजिक दबाबले गर्दा हो उसको व्यक्तित्वमा बदलाव आएको छ। उसको बदलिएको व्यक्तित्वका कारण जयालाई चिन्ता परेको छ । जयाले भवानीमा आएको शारीरिक परिवर्तन यस्तो पाएकी छ: "यस्तै उन्मुक्त समयको धारमा बग्दै बग्दै अचानक भवानीमा परिवर्तन हुन थाल्यो । स्वच्छन्द विचरण गर्दै सबैलाई सुखान्त अनुभूति गराउने भवानी आफ्नो स्पर्शसुख र हाँसोको लहरले सबैलाई कैद गर्न सक्ने क्षमता भएकी उसमा नसोचेको दृश्य देख्नुपर्यो" (पृ. ४०) ।

भवानीमा आएको यौनिक बदलावले म पात्र जया मात्रै होइन होस्टेलका सबै महिला बेखुसी छन् । भवानीलाई समलिङ्गी सम्बन्ध राखेकोमा कथामा प्रत्यक्ष रूपमा कतै विरोध नदेखाइए पनि उसको परिवारबाट असहयोग भएको र समाजले पनि उसको सम्बन्धलाई स्वीकार गर्न नसक्ने हुनाले जबरजस्ती उसले आफ्नो रुचि र यौनिकतालाई बदलेको हो भन्ने बुझिन्छ । समाज तथा होस्टलको वातावरण समलिङ्गी यौनिकताको पक्षमा नभएका कारण भवानीले अचानक आफ्नो रुचिलाई तिलाञ्जलि दिएर एउटा उमेर घर्केको पुरुषसँग विवाह गरी जीवनको पछिल्लो समयमा सम्झौता गर्न पुगेकी छ । समलिङ्गी सम्बन्ध राख्नेहरूमाथि समाजले उनीहरूको प्राकृतिक रुचि नै त्यो हो भन्ने कुरा नबुझेपछि भवानी आफ्नो रुचिलाई त्यागेर पुरुषसँग विवाहित जीवन बिताउन बाध्य हुनुपरेको छ । समाज समलिङ्गीको भावना बुझ्ने चेतनामा पुगेको छैन र भवानीजस्ता समलिङ्गी महिलाहरू जबरजस्ती पुरुषसँग समाजको द्विलिङ्गी दृष्टिकोणअनुसार विवाहमा बाँधिन बाध्य हुनु परेको अवस्था समलिङ्गीप्रति असहिष्णु व्यवहार नै हो । फरक यौनिकता भएकाहरूप्रति समाज विभेदी छ, उनीहरूका चाहनाको सम्मान हुन सकेको छैन । यसैकारण भवानी आफ्नो खुसी गुमाएर बाँच्न बाध्य भएकी छ । उसको हँसमुख व्यक्तित्वमा एकाएक ह्रास आएको चित्रणबाट कथाले यस कुराको सङ्केत गरेको छ :

> गम्भीर र सुख्खा सुख्खा अनुहार र शिथिल भएको उसको आक्रामक स्वभाव देखेर लाग्यो - भवानीको अन्तरको त्यो तेजिलो धार भएको पानीको स्रोत किन सुक्यो ? किन ऊ दर्के पानी भएर हामीलाई भिजाउन उद्दत हुँदिन ? एउटै खाटमा सुतेर पनि भवानी किन चिसिदै छे ? किन ऊ अरू साथीहरूसँग पनि टाढिन खोज्छे ? भवानीमा आएको त्यस्तो एकाएक परिवर्तनले छात्रावासमा एउटा असीम शून्यता खसेको थियो (पृ. ४०) ।

कथाले भवानीको व्यक्तित्व र महिला भएर पनि उसमा भएको पुरुष गुण र महिलाप्रति नै आकर्षित हुने स्वभावका बारेमा सुन्दर ढङ्गले कथानकको संयोजन गरेको छ । केटीकेटीका बिच यौनिक सम्बन्ध भएको घटनालाई आश्चर्य र अस्वीकृत कार्यका रूपमा हेर्ने समाजको सोचलाई कथामा होस्टलका केटीहरूकै संवादमा प्रस्तुत गरिएको छ : "साँच्चैको लोग्नेस्वास्नी भएको भए किन लुकीलुकी हेर्थ्यौं र ? केटीकेटी त्यसरी एउटै खाटमा ढोका थुनेर सुतेकाले त चासो भयो, छि... के गर्दा हुन् यिनीहरूले ?" (पृ. ३८) । समाज समलिङ्गी सम्बन्ध राख्नेहरूप्रति सहिष्णु छैन भन्ने यस दृष्टिकोणकै कारण भवानीले आफ्नो यौनिक रुचिलाई जबरजस्ती बदलेर बाँच्नु परेको अवस्था देखाउँदै कथाले समलिङ्गी चाहना राख्ने व्यक्तिहरूप्रति दृष्टिकोण फेरिनुपर्ने विचार प्रस्तुत गरेको छ । म पात्र जयाले भवानीलाई कसैको अफिस कोठामा घन्टौं समय बिताएर निस्केको बेला भवानीको शरीरमा आएको बलदाव महसुस गरेकी छ । 'एउटा स्पस्ट र खुला व्यक्तित्व संन्दीग्ध पाएँ ।' यस आत्मलापमा जयाले भवानीको फेरिएको रूपमा सामाजिक दबाबको महसुस गरेकी छ । महिला समलिङ्गी शरीरलाई उसको यौनिक रुचिमा छुट नदिने समाजको स्वभावले जयाले यस्तो बोध गरेकी हो भन्न सकिन्छ । 'नारी' र 'समलिङ्गी' भएका कारण समलिङ्गी महिलाहरू दोहोरो सामाजिक दबाब झेल्न बाध्य हुन्छन् (उप्रेती, २०६९, पृ. २४८) । भवानीले पनि यो दबाब महसुस गरेको सहजै अनुमान गर्न सकिन्छ । होस्टेलमा बस्दा स्वाभाविक देखिएकी भवानी त्यहाँबाट निस्केपछि पछिल्लो जीवनमा उसले आफ्नो यौनिक रुचि अनुसारको वातावरण नपाउने भएकै कारण पुरुषसँग सम्बन्ध राख्न पुगेकी छ । भवानीको जीवनमा आएको परिवर्तनले धेरै अर्थहरू लगाउन सकिन्छ । समाजको द्विलिङ्गी यौनिकताको चपेटामा परेकी भवानीले आफ्नो रुचिलाई छोडेको देखिन्छ नै । तर पुरुषसँग बिहे गरेकी भवानीको व्यक्तित्व पनि स्वाभाविक देखिएको हुनाले ऊ समलिङ्गी हुँदाहुँदै पनि विपरीत लिङ्गी स्वभाव भएकी हुनसक्ने अवस्था पनि देखिन्छ । तर जया भने भवानीसँगै आत्मीयता चाहने र समलिङ्गी सम्बन्धमा रहन रुचाएको कुरा कथाको अन्त्यतिर वर्णित जयाका संवेदनाले स्पष्ट पारेका छन् : "म त मन्त्रमुग्ध

भएर हेर्दै थिएँ - आफैले आफैलाई बिर्सँछु" (पृ. ४२) । पुरुषसँग बिहे भएर छोरा पाएकी भवानीलाई भेट्दा पनि जया भवानीप्रति नै आकर्षित भएकी देखिन्छे ।

निरूपा प्रसूनको 'आधाआधी' कथाकी आधार बर्देवा महिला समलिङ्गी चरित्र हो । उसको शरीर महिलाको छ, शारीरिक संरचना पनि महिलाकै छ तर ऊ केटाहरूसँग यौनिक व्यवहारका लागि नजिक हुन सक्दिन । ऊ आफूजस्तै महिलालाई साथी बनाएर यौन सन्तुष्टि लिने चाहना राख्छे । आधार उमेरले तीन दशक पुगेकी पद्मकन्या क्याम्पसमा पढाउने शिक्षित महिला हो । आफ्नो शरीरले पाएको सामाजिक परिचयभन्दा अलग खालको रुचि भएकी आधारको शरीर सामाजिक अस्वीकृतिमा छ । त्यसैले ऊ खुलेर आफ्ना चाहना भन्न सक्दिन । परिवारमा पाँचौं छोरीका रूपमा जन्मिएकी र पाँचौं सन्तान पनि छोरीनै जन्मेका कारण बाबुले छोरीको अनुहार नै नहेरी घर छोडेर हिँडेको घटनाबाट जन्मँदै उसको शरीर अस्वीकृतिमा रहेको पुष्टि हुन्छ । त्यहाँमाथि हुर्किंदै जाँदा आफ्ना अनुभूति र चाहना समाजका अन्य केटी र आफ्नै दिदीहरूभन्दा फरक भएपछि आधारले परिवारबाट उति सम्मान पाउन सकेकी छैन । आफ्नी आमासँग पनि कुरा नमिलेका कारण असन्तुष्ट भएकी छ । उसको शरीर र व्यवहारलाई आमाले पनि स्वीकार नगरेको जस्तो अर्थ उसले बुझ्केकी छ । त्यसैले ऊ समयमा घर फर्किन चाहन्न, आमासँग नजिक हुन चाहन्न । यौनिक रुचिमा ऊ समलिङ्ग सम्बन्ध चाहन्छे भन्ने कुरा कथाकी म पात्रसँगको सम्बन्ध र ऊसँग गरेका व्यवहारले पुष्टि गरेको छ । आधारको शरीर महिलाको हो तर यौनिक रुचि समलिङ्गी हुनुले उसको शरीरको चाहनाप्रति समाजमा सकारात्मक दृष्टिकोण छैन । उसले आफ्ना रहरलाई खुलेर पूरा गर्न सक्दिन । शिक्षित महिला भएर पनि उसको शरीरमाथि समाजको नियन्त्रण छ । परम्परागत दृष्टिकोणकै व्यवहार अपेक्षा गर्ने समाजसँग उसको शरीर उपेक्षित छ । त्यसैले उसकी आमा पटकपटक राति ढिलो आएकोमा, आफूले भनेअनुसार नगरेकोमा रिसाएकी छन् । केटीसँग नै सम्बन्ध राख्ने जस्तो छोरीको व्यवहार बुझ्केर आमा तर्सिएको तथ्य कथामा छ । आधारले मन पराएर सम्बन्ध राख्न खोजेकी म पात्र निर्देशिकाले आधारको व्यक्तित्व र उसको रुचि जाँच्न केटाहरू नपाएर मसँग यस्तो व्यवहार गर्ने भनी आरोपमूल भाषामा सोध्दा आधारले भनेको कुराबाट उसको रुचि फरक हो र प्राकृतिक रूपमा नै ऊ फरक रुचि भएको शरीर लिएर आएकी हो भन्ने पुष्टि हुन्छ :

> 'तिम्रो मतलब ? केटाले मलाई नहेरेर अथवा मन नपराएर के म तिनीहरूको नजिक हुन नसकेर यस्तो गरेँ मैले . तर लेट मी टेल यु ? केटाहरूलाई नजिक लेराउन कुनै गाह्रो छैन । मलाई केटाहरू राम्रो लाग्दैन । केटीसँग कम्फरटेबल फिल गर्छु, जहाँ म कसैलाई ख्याल राख्न सकूँ । नखरा उठाउन सकूँ ।' (पृ. ५२)

पद्मकन्या क्याम्पसमा बिएको परीक्षा दिएर बसेकी निर्देशिका र आधार सजिलै मित्र हुन्छन् । महिलाकै रूपमा मित्रता बढाएकी निर्देशिकाले आधारका व्यवहार चाहिँ फरक पाउँदै जान्छे । आधारले निर्देशिकाप्रति देखाएको प्रेममा समलिङ्गी चाहना प्रस्ट भएको छ । कोठामा एक्लै पाउने बित्तिकै आधारले निर्देशिकालाई जबरजस्ती अँगालोमा बेर्ने र ओठमा चुम्बन गर्ने गर्छे । निर्देशिकाले व्यक्त गरेको यस घटनाले पनि आधारको चाहना समलिङ्गी हो भन्ने पुष्टि हुन्छ :

> त्यो दिन पनि सिधै मकहाँ आई आधार । झ्यालको पर्दा लगाई । ढोकाको चुकुल पनि लगाई । अँगालो हालेर मलाई ओछ्यानमा लडाइदिई । के गर्दै छे, म विचित्रमा परेँ । उसको अँगालो असाध्यै कसिलो र आक्रामक थियो । हटाउन बल लगाउँदै थिएँ, सकिनँ । गालामा, निधारमा, घाँटीमा चुम्बन गरी । मलाई एकदमै नराम्रो लागिरह्यो । मेरो ओठलाई आफ्नो ओठले दबाई । म चिच्याएँ । (पृ. ३१)

निर्देशिकाले आधारको फरक खाले व्यवहारलाई यहाँ वर्णन गरेकी छ। यस घटनाले आधारको समलिङ्गी चाहना उजागर गर्दछ। आधारले आफूलाई महिला भएर पनि पुरुषको जस्तो व्यवहार देखाई महिलासँग यौन सम्बन्ध राख्ने रुचि देखाएकी छ। शारीरिक र भावनात्मक संवेदना आवेगपूर्ण रूपमा प्रकट गर्ने आधारको व्यवहारमा बुच डाइकपना देखिन्छ (लामा, २०७९, पृ. ५३)। महिलाले महिलासँग सम्बन्ध राख्दा एउटा महिला पुरुष गुण र अर्को महिला नारी गुण र व्यवहारमा प्रस्तुत हुने प्रवृत्तिअनुसार यहाँ पनि आधारले आफूलाई पुरुषपना भएको व्यवहार प्रस्तुत गरेकी छ। आधारले शारीरिक र भावनात्मक अभिव्यक्ति पुरुषको शैलीमा आवेगपूर्ण तरिकाले प्रस्तुत गरेकी छ। घरमा दिदीहरू र आमाका बिचमा हुर्केकी आधार स्कुलमा पनि केटीकै बिचमा रमाउने र पुरुष मन नपराउने हुन्छे। हुर्किँदै गर्दा ऊ केटीतिर नै आकृष्ट हुन्छे। निर्देशिकासँगको संवादमा आधारले आफ्नो विगत यसरी बताएकी छः

> त्यस बेला हामी बाह्रमा पढ्थ्यौँ। एक दिन म सिनियर दिदीहरूले बास्केटबल खेलेको हेरिरहेकी थिएँ। हेर्ने म एक्लै थिएँ। अचानक बास्केट बल खेलेको हेरिरहेकी थिएँ। हेर्ने म एक्लै थिएँ। अचानक बास्केट बल खेल्ने एउटी दिदी मेरो छेउमा आइन् र मेरो ओठमा चुम्बन गरेर गइन्। मलाई अनौठो किसिमको आनन्द भयो। अघि कहिल्यै थाहा नभएको रोमाञ्चक प्रवाहित भयो। (पृ. ३२)

आधारको यस अभिव्यक्तिले उसमा महिलासँग नजिक हुने रुचि किशोरावस्थादेखि विकसित भएको देखिन्छ। समाजको मान्यताभन्दा भिन्न रुचि भएको उसको शरीर उपेक्षामा भएको अनुभूति आधारलाई छ। समाजका कोही सदस्यले पनि आधारलाई असामान्य मान्छन् भन्ने प्रमाणका लागि प्रतिनिधि चरित्र निर्देशिका नै हो। पटकपटक आधारले आफ्नो रुचि र यौनिकताभन्दा पनि निर्देशिकाले विश्वास गर्न सकेकी छैन। महिला र पुरुष दुई लिङ्गलाई मात्र प्रकृतिक मान्ने पितृसत्तात्मक वैचारिकीअनुसार नै निर्देशिकाको स्वभाव देखिन्छ। उसले पटक पटक आधारलाई परम्परागत व्यवहारमा जान दबाब दिएकी छ। आफू समालिङ्गी नभएका कारण पनि निर्देशिकालाई आधारको यौनिक व्यवहार स्वीकार गर्न गाह्रो भएको छ। कथाले फरक यौनिक रुचि भएका शरीरलाई कथामा प्रस्तुत गरेर समलिङ्गीका व्यवहार र रुचि प्राकृतिक हुन् भन्ने कुरा राम्ररी बोध गराएको छ। निर्देशिकाले कुनै पनि रूपमा स्वीकार गर्न नसकेको आधारको शरीर एक रूपमा उपेक्षामा रहेको छ।

## पुरुष समलिङ्गी शरीर

'तेस्रो रङ्ग' कथामा उषा शेरचनले पुरुष समलिङ्गी (गे) शरीरको लैङ्गिक निर्मिति र त्यसको प्रतिरोधको पाटोलाई बलशाली रूपमा उठाएकी छन्। यस कथामा पुरुष समलिङ्गी शरीरले भोग्नुपरेको बहिष्करणको विषय छ। समलिङ्गी यौनिकता भएकै कारण म पात्र आफ्नै मातापिताबाट समेत उपेक्षित भएको छ। सम्भ्रान्त परिवारको एकमात्र छोराका रूपमा गौरव गर्ने अनि पारिवारिक विरासत थाम्ने सन्तानका रूपमा त्यसै अनुरूपको परम्परित व्यवहारको अपेक्षा गरिरहेका अभिभावकले समलिङ्गी छोराको शरीर र उसको रुचिलाई सम्मान गर्न सकेका छैनन्। धनाढ्य राजपूत परिवारको विवाहयोग्य छोराले केटासँग नै बिहे गर्ने रुचि देखाएपछि परिवारका सबै सदस्यले उसको रुचिप्रति असहनशीलता देखाएका छन्। बाहिर हेर्दा उसको व्यक्तित्व र शरीर युवतीलाई आकर्षित गर्ने खालको देखिन्छ। पितृसतात्मक समाजले निर्माण गरेको पुरुषत्वसहितको पुरुष सौन्दर्यको परिचयमा समेटिएको युवक भए पनि (लामा, २०७९, पृ. ७३) उसको शरीरको आन्तरिक रुचि फरक छ। कथामा म पात्रको परम्परित दृष्टिकोण अनुरूप अपेक्षित पुरुष व्यक्तित्वलाई यसरी चिनाइएको छ : "टल डार्क ह्यान्समममाथि पनि सम्पन्न घरको एक्लो वारिस" (पृ. १७८)। अग्लो, सुन्दर र धनी हुनुपर्ने समाजको सोच अनुरूप देखिएको म

पात्रलाई बाहिरी रूपमा परिवारले ऊप्रति गौरव गर्छ तर उसको यौनिक रुचि बुझेपछि परिवार एकदम उदास भएको अवस्था छ ।

"आफ्नै घरबाट अस्वीकृत भएँ म । बुबाको प्रतिष्ठाको अगाडि आमाले समेत घुँडा टेकिदिनुभयो... जुन बेला बुबाले मलाई घरबाट तुरुन्तै निस्कने आदेश दिइरहँदा समेत मेरी आमा केही नबोली चुपचाप उभिरहनुभयो" ( पृ. १८८) । पितृसत्तात्मक समाजले महिला र पुरुषको शरीर कस्तो हुनुपर्छ भन्ने निश्चित मापदण्ड बनाएको हुन्छ । महिला कोमल र गोरो छाला, लामो कपाल, शरीर र अनुहारका निश्चित काँटछाँट आदि तोकिएको हुन्छ । कम्मर छिनेको शरीर र हरिणको जस्तो चालको अपेक्षा गरिएको हुन्छ । त्यसैगरी पुरुषको छाला गोरोभन्दा केही फरक रङ अनि आकर्षक मसलदार जिउडालको अपेक्षा गरिएको हुन्छ । पुरुष कठोर र गठिलो शरीरको हुनुपर्ने अपेक्षा गरिएको हुन्छ । अझ त्यसमाथि पुरुष धनाढ्य वा पैसा कमाएर पारिवारिक जिम्मेवारी पूरा गर्न सक्ने पात्रका रूपमा सोचिएको हुन्छ । यसरी परम्परित दृष्टिकोणमा फिट नभएको शरीरलाई समाजले सजिलै स्वीकार गर्दैन । पुरुष र महिला शरीरको निश्चित मापदण्डभन्दा पर रहेको शरीरलाई समाजमा सामान्य जीवन सजिलो हुँदैन । तेस्रो लिङ्गी शरीर त कतिपय रूपमा फरक नै देखिन्छ । कुनै समलिङ्गी पुरुष चाहिँ बाहिरी रूपमा परम्परित शारीरिक परिचयअनुसारकै भए पनि उनीहरूको आन्तरिक रुचि फरक हुन्छ । त्यस्ता शरीरले महिला शरीरसँग यौनको लागि सामीप्य खोज्दैनन् । विपरीत लिङ्गीसँग उनीहरू यौनिक रूपमा सन्तुष्ट हुँदैनन् । त्यसैले जीवन साथीका रूपमा समलिङ्गी पुरुषले महिलालाई रोज्दैनन् । उनीहरूको आकर्षण पुरुषप्रति नै हुन्छ । पुरुषकै बिचमा यौनिक सुख लिन चाहने गे जोडीमा एकजना चाहिँ केही महिला रूपको र अर्को पुरुष रूपमा रहेका हुन्छन् (डेमेलो, सन् २०१४, पृ. १४५) । यसले उनीहरूभित्र पनि परम्परागत दृष्टिकोणअनुसार नै विपरीत यौनिक शरीरको थोरै आकर्षण रहेको हुन्छ तर महिलाप्रति नै पूर्ण रूपम आकर्षित हुन सकेका हुँदैनन् । समलिङ्गी गे पुरुषको शरीर बाहिरी रूपमा केही फरक देखिएको पनि हुन्छ । तिनले समाजका अगाडि बाध्यकारी भएर परम्परित दृष्टिकोणका पहिरन लगाएका हुन्छन् तर भित्रभित्र तिनको रुचि फरक रहेको हुन्छ । त्यसैले समलिङ्गी पुरुषको शारीरिक रूप पनि फरक हुने गर्छ ।

केटीसँग बिहे गराउन खोज्दा म पात्रको मनस्थितिमा परेको अनेक नकारात्मक प्रभावले तेस्रो लिङ्गीको स्वाभाविक रुचिलाई चिनाएको छ । उनीहरूको रुचिलाई समाजले सजिलै बुझ्न नसकेकै कारण परिवारमा तनावको सिर्जना भएको छ । त्यो तनावलाई म पात्रले धेरै बेहोरेको छ । उसले आफ्नो परिचय सजिलै भन्न नसक्नुको मूल कारण समाज र परिवारको अस्वीकृति हो । यही अस्वीकृतिले समाज सधैँ तेस्रो लिङ्गी शरीरको विरोधमा रहेको देखिन्छ । तेस्रो लिङ्गी शरीरको रुचि र दृष्टिकोण बुझ्न कोसिस नै नगर्ने परिवारले उसको खुसीको चयन गर्न सकेको छैन र उसलाई घरबाटै निकालेको छ । आफ्ना नाता सम्बन्धबाट टाढिनुपर्दा मपात्रमा भएको अमानवीय व्यवहारले उसलाई थप चोट पुगेको छ ।

तेस्रो लिङ्गी शरीरको अस्तित्व स्वीकार नगर्ने समाज र परिवारको परम्परागत सोचले म पात्रमा परेको मानसिक उत्पीडनलाई कथाले चित्रण गरेको छ : "घाइते मनका पीडाहरू कहाँ गई पोखुँ म ! बलि दिन तयार पारेको बोको जस्तो भएको छु" (पृ. १८०) । कथाको म पात्र आमाबाबु र दिदीबहिनीलाई आदर र स्नेह गर्ने स्वाभाविक मानव शरीर भए पनि केटीसँग वैवाहिक सम्बन्ध वा शारीरिक सम्बन्ध राख्न असमर्थ रहेको शरीर हो र यो शरीर पनि स्वाभाविक मानवीय शरीर नै हो भन्ने कुरा कथाले बुझाएको छ ।

माया ठकुरीको 'पहिचान' कथामा पुरुष समलिङ्गी शरीरलाई समाजले गर्ने विभेदी व्यवहारको चित्रण गर्दै तेस्रो लिङ्गी शरीरको प्राकृतिक चाहनाप्रति समाज संवेदनशील हुन नसकेको दृष्टिकोण प्रस्तुत गरिएको छ । तस्रो लिङ्गी भएकै कारण परिवारबाट उपेक्षित भएपछि काठमाडौँको डान्सबारमा काम गर्ने पुरुष समलिङ्गीहरूलाई प्रहरीले गरेको दमनको घटना कथाले प्रस्तुत गरेको छ । सानैदेखि केटीको पहिरनमा रमाएर नाचगान गर्ने केटामा बिस्तारै केटीका जस्ता रुचि, गुण र व्यवहार देखिन थालेपछि परिवारबाट अपहेलान भएकै कारण काठमाडौँमा आएर आफ्नो जीविकोपार्जनका लागि काम खोजेका युवक केही काम नपाएपछि डान्सबारमा काम गर्न पुगेका छन् । त्यहाँ पनि उनीहरूलाई पुलिसले हेर्ने दृष्टिकोण राम्रो छैन । केटाले केटीको लुगा लगाएर हिँडेको वा सामाजिक मान्यताअनुसार नहिँडेको आरोप लगाई थुन्ने, यौन शोषण गर्न खोज्ने वा पैसा असुल्न खोज्ने पुलिसका दमनकारी व्यवहारलाई कथामा एक जना तेस्रो लिङ्गी युवकले आफूलाई संरक्षण दिएका आयुष र विवेकलाई गरेको वर्णनबाट थाहा हुन्छ -

> मलाई चाहिँ एउटा प्रहरीले 'कि त पैसा दे कि त मसँग मैले भनेको ठाउँमा हिँड्' भन्यो, मैले 'मसँग पैसा छैन र म तिमीले भनेको ठाउँमा पनि जान्न' भनेको त मलाई पनि 'हिँड् साले, तँलाई रातभरि थानामा राखेर ठीक पार्छु' भन्दै घिच्रोमा समातेर घिच्याउन थाल्यो, त्यै बेला भएभरको बल लगाएर म उसको हातबाट फुस्किएँ र भाग्दै आएर ऊ पर मन्दिरपछाडि लुकेर बसेँ । अहिले डान्सबारतिर जाऊँ भने उनीहरूले देख्छन् कि भन्ने डर छ । त्यसैकारण तपाइँहरूकहाँ एकछिन लुकेर बस्छु ।' युवकले आफूमा घटेको कुरा बतायो (पृ. ६१) ।

कथामा काठमाडौँका भित्री सहरतिर पुलिसबाट हरेक दिन साँझ तेस्रो लिङ्गीहरूलाई कुटपिट गर्ने पुलिसको व्यवहारले आयुष र विवेक पनि चिन्तित छन् । उनीहरू पनि तेस्रो लिङ्गी नै हुन् भन्ने कुरा कथाको अन्त्यतिर आयुषले ओढेको रातो चुन्नी र लगाउन खोजेको लिपिस्टिकको वर्णनबाट थाहा हुन्छ । कथाले तेस्रो लिङ्गीलाई समाजको मान्यताले व्यावहारिक रूपमा स्वीकार गर्न नसकेको तथ्य प्रस्तुत गरेको छ । पुरुष र महिलाका रूपमा द्विलिङ्ग मात्र हुन्छन् भन्ने परम्परागत सोच रहेको समाजमा तेस्रो लिङ्गी शरीरप्रति समाजका सबै तहबाट विभेद भएको छ । परिवारदेखि राज्यका निकायसम्मले उनीहरूलाई उपेक्षाका दृष्टिले हेर्ने र अमानवीय व्यवहार गर्ने स्थिति समाजमा आज पनि छ भन्ने कुरा कथाले देखाएको छ । काठमाडौँको सहरको परिवेश, आयुष र विवेकको शिक्षित चेतनामा तेस्रो लिङ्गी शरीरप्रति बढ्दै आएको सकारात्मक दृष्टिकोण तथा राज्य सत्ताको वर्चस्वले दमन र हिंसा गर्ने पुलिसको व्यवहार आदिले कथालाई जीवन्तता दिएको छ ।

### ट्रान्सजेन्डर शरीर

अर्चना थापाको 'विमर्द' कथाले ट्रान्सजेन्डर महिलाको शरीर र उसले भोगेको दमन र विभेदको फरक पाटोलाई उठाएको छ । शरीर पुरुष भए पनि आन्तरिक रुचिमा नारीगुण भएका कारण निरज (पुरुष) ले निर्जला (नारी) बन्ने निर्णय लिएपछि घरबाट निकालिएको र उसको फरक शरीरले परिवारभित्र र अन्य देशमा समेत भोग्नुपरेको विभेदी सामाजिक व्यवहारलाई कथाले सूक्ष्म रूपमा चित्रण गरेको छ । शरीर पुरुष र भित्री गुण नारी भएका मानिस पनि अन्य मानव सरह प्राकृतिक हुन् र तिनको व्यवहार पनि प्राकृतिक हो भन्ने कुरालाई कथाले देखाएको छ । हेर्दा पुरुषजस्तो देखिने शरीर नारी गुण र व्यवहारमा हुन्छ र उसले पहिचान पनि नारी शरीरमा खोजेको हुन्छ तर समाजले नारी शरीरमाथिको परम्परित बुझाइका कारण ट्रान्स शरीरलाई सजिलै स्वीकार गरिरहेको हुँदैन भन्ने कुरालाई यस कथाले बुझाएको छ । समाजले बुझिरहेको नारी र पुरुषको परम्परागत लिङ्ग निर्धारणभन्दा फरक यस्ता फरक लिङ्गी परिचय भएका व्यक्ति पनि उत्तिकै सबल मानव हुन् भन्ने कुरा कथाले

पुष्टि गरेको छ । प्रतिभा, क्षमता र संवेदनाका रूपमा हेर्दा निर्जलामा कथाका अन्य पात्रमा भन्दा अझ विशिष्ट गुण पाइन्छ । उसले एक्लो सङ्घर्ष गरी विद्यावारिधिजस्तो उच्च डिग्री हासिल गरेकी छ, अन्तर्राष्ट्रिय सेमिनारमा भाग लिएकी छ र घरमा एक्लो परेको बुढो बाबुको रेखदेखका लागि सही समयमा उचित निर्णय लिएकी छ । तर निर्जलाप्रतिको सामाजिक व्यवहार असहज र अनौठो हुनु समाजको तेस्रो लिङ्गी शरीरप्रतिको बुझाइको दोष हो भन्ने विचार कथाले बोकेको छ । यसको पुष्टिका लागि कथामा नर्जलाको शरीर अनुभूतिको केही अंश उदाहरणका रूपमा हेरौँ :

> निरज भएर समाजमा बाँच्ने प्रयास गरे पनि आमाले मभित्र डरले खुम्चिएकी निर्जला देख्नुभएको थियो । हुन त सानैदेखि लुकेर आमाको टीका, लिपिस्टिक र नेलपलिस लगाउँथेँ । 'यो बौलायो' भन्दै बुबाले नीलडाम बनाउनुहुन्थ्यो । एउटा छोरो त्यो पनि विमर्द, लैङ्गिक नियम उल्लङ्घन गरी नयाँ क्षितिजमा उडान भर्न आतुर ! बुबाको दुःख बुझ्थेँ म, तर बुबालाई बुझाउन असमर्थ थिएँ । विमर्द इच्छा र आगस शरीरमा नीलडाम बोकेर बुबासित लुक्दै लुक्दै हिँडेँ ।
>
> पाँच वर्षअघि मूलधार पत्रिकामा 'ट्रान्सवुमन' हुँ भनेर अन्तर्वार्ता दिएकी थिएँ । त्यही छापिएको दिन बुबाले घिसार्दै घरनिकाला गर्नुभएको थियो । शिक्षामा समान अधिकारको पैरवी गर्ने बुबाको लागि प्रकृतिको अतिक्रमण र लैङ्गिक व्यवहारको नियम उल्लङ्घन अतिचार थियो । (पृ. १४७)

कथाको मपात्रले आफ्नो फरक लैङ्गिक परिचय बुझाउन नसक्दा परिवारबाट पाएको प्रताडनासँगै ऊभित्र आफ्नो फरक परिचयलाई स्थापित गर्ने वैचारिक विश्वास विकसित भएको अवस्थालाई माथिको उद्‌तांशबाट बुझ्न सकिन्छ । कथाले ट्रान्सवुमन शरीरको फरक अनुभूति र अवस्थालाई बुझाउन विशेष शब्दको चयन (विमर्द, आगस आदि) गरेको देखिन्छ । ट्रान्सवुमनको शरीरको अवस्थालाई चिनाउन उसमाथि समाजको हेराइको अनेक तहको निर्माण गरिएको छ । घरभित्र र नेपाली समाजमा मात्र नभएर अन्तर्राष्ट्रिय तहमा समेत ट्रान्सवुमनलाई फरक कोणबाट व्यवहार गरिएको सन्दर्भ कथामा पाइन्छ । तर निर्जलाले आफ्नो परिचय स्थापित गर्न त्यस्ता व्यवहारबाट हतोत्साहित नभई आफ्नो सोच र जीवनशैलीमा निरन्तरता दिनुले उसको प्राकृतिक स्वभावलाई चिनाएको छ । यस कथाले ट्रान्सवुमन शरीरको लैङ्गिक स्वभावलाई चिनाई तिनको जीवन भोगाइ र पहिचानको पक्षमा वकालत गरेको छ । कथामा ट्रासवुमन शरीरको चेतना र बौद्धिकताको तहसँगै सामान्य जीवनका व्यावहारिकताका पक्षमा पनि निर्जला पात्रलाई सफल र असल मानवीय चरित्र देखाउँदै उसको शरीरलाई दिइनुपर्ने सामाजिक स्वीकृतिका लागि बलियो तर्क गरिएको छ ।

## निष्कर्ष

नेपाली समाजमा तेस्रो लिङ्गी शरीरप्रति गरिने व्यवहार सहज छैन । तिनका रुचि र यौनिक आवश्यकता फरक छन् । फरक रुचि र यौनिकताप्रति पितृसत्ताले परम्परादेखि राखेको दृष्टिकोण आज पनि उस्तै छ । फरक यौनिकता भएकै कारण अमानवीय र विभेदकारी व्यवहार भोग्न बाध्य तथा शरीरप्रति नै अस्वीकृतिको अवस्था रहेका यस्ता मानिसको विषयम बोल्न र सचेत दृष्टिकोण राख्नुपर्ने देखिन्छ । समाजमा भएका विभेदी व्यवहारमा जति विमर्श र दृष्टिकोण राख्दै गयो उति सचेतता बढ्न थाल्छ । परम्परादेखिका नकारात्मक दृष्टिकोण हटाउन यस्ता लेखन र विमर्शले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । कमजोर र अशक्त मानिसप्रति शक्तिशालीले गर्ने दमनकारी व्यवहार आजको समयका विरुद्धमा छ र यसका लागि दृष्टिकोणको विकास गर्न आवश्यक छ ।

समकालीन नेपाली कथाले तेस्रो लिङ्गी शरीरका संवेदनालाई पनि मसिनो रूपमा केलाएका छन् । लैङ्गिक रूपमा अल्पसङ्ख्यक भएका यस्ता व्यक्तिलाई परम्परादेखि व्यक्तिका रूपमा नै स्वीकार गर्न गाह्रो मानिएको

र तिनका व्यवहार र यौनिक रुचिमाथि आलोचना हुने गरेको सन्दर्भमा यस्ता विषयमा कथा लेखिनु समकालीन कथा लेखनको महत्त्वपूर्ण प्राप्ति हो । समलिङ्गी महिला, समलिङ्गी पुरुष, ट्रान्सजेन्डर आदिका संवेदनाबाट तिनका शरीरमाथि समाजले गरेको विभेदकारी व्यवहार कति अमानवीय र संवेदनशील छ भन्ने कुराका बारेमा समकालीन कथाहरूले पाठकलाई बुझाएका मात्रै छैनन् तिनका पक्षमा चेतनाको निर्माण गर्न सघाएका पनि छन् । यस समयका कथामा 'खेल', 'आधाआधी', 'तेस्रो रङ्ग', 'विमर्द' र 'पहिचान' कथाहरूको अध्ययनबाट यौनिक रूपमा अल्पसङ्ख्यकको शरीर संवेदना र तीमाथि परम्परागत दृष्टिकोण र सत्ताका नियम विभेदकारी रहेको तथ्य बुझिन्छ । तेस्रो लिङ्गी चेतनाका पक्षबाट पछिल्ला समयका कथा सशक्त बन्दै गएका छन् ।

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय अनुसन्धान निर्देशनालयद्वारा आ.व २०७९/०८० को लघुअनुसन्धानको कार्यक्रम अन्तर्गत स्वीकृत भई सम्पन्न गरिएको 'समकालीन नेपाली कथामा शरीर राजनीति' शीर्षकको अनुसन्धानमा रही सोही लघुअनुसन्धानको विश्लेषणमा परेका कथाहरू र सोही अनुसन्धानको मुख्य प्राप्तिलाई उपयोग गरी प्रस्तुत लेख तयार पारेर प्रकाशन गरिएको हो । उक्त अनुसन्धान कार्य गर्न अनुमति दिने त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय अनुसन्धान निर्देशनालयप्रति हार्दिक आभार प्रकट गर्दछु ।

## सन्दर्भ सामग्रीसूची

उप्रेती, सञ्जीव. (२०६९). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

उप्रेती, एस. (सन् २०१८). 'तेस्रो लिङ्गिज एन्ड दलाल : जेन्डर पर्फमेन्स एन्ड द क्वेसन अफ फोर्सक्लोजर इन कन्टेम्पररी पलिटिकल डिस्कोर्स अफ नेपाल'. *कल्चर एन्ड पोलिटिक्स इन साउथ एसिया परफरमेटिभ कम्युनिकेसन.* (सम्पा. देवनाथ पाठक एन्ड सेउनक परेरा). लन्डन : रुटलेज. पृ. ९०-१०५ ।

जोन, एम. इ. र नायर, जे. (सन् १९९८). 'इन्ट्रोडक्सन'. *अ क्वेसन अफ साइलेन्स ? द सेक्सुअल इकोनोमिक्स अफ मोर्डन इन्डिया.* न्यु दिल्लीः काली फर वुमन ।

ठकुरी, माया. (२०६९). *प्रियंवदा.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

डेमेलो, एम. (सन् २०१४). *बडी स्टडिज : एन इन्ट्रोडक्सन.* लन्डन एन्ड न्युयोर्क : रुटलेज ।

थापा, अर्चना. (२०७४). *कठपुतला.* काठमाडौँ : अक्षर क्रियसन्स ।

थापा, अर्चना. (२०७७). *स्मृति कथामा सत्त्व.* काठमाडौँ : अक्षर क्रियसन्स ।

पग, टी. (सन् २००८). *सेक्सुआलिटी एन्ड इट्स क्विर डिस्कन्टेन्स् इन मिडल इङ्लिस लिटरेचर.* न्युयोर्क : पाल्ग्रेभ म्याकमिलन ।

प्रसून, निरूपा. (२०७१). *तिम्रो लोग्ने र म.* काठमाडौँ : याम्बुरी बुक पोइन्ट ।

बार्कर, सी. र एमा, ए.जे. (सन् २०१६). *कल्चरल स्टडिजः थ्यौरी एन्ड प्राक्टिस.* पाँचौँ संस्क. लन्डनः सेज ।

लामा, कुमारी. (२०७९). *समकालीन नेपाली कथामा तेस्रो लिङ्गी चेतना.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शेरचन, उषा. (२०७०). *तेस्रो रङ्ग.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, भागीरथी. (२०६६). *रातो गुलाफ.* काठमाडौँ : रत्न पुस्तक भण्डार ।